संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ ५ गते बिहीबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको आ.व. २०७९/०८० को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० भिमबहादुर रावल
२. मा० डा० मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री शक्ति बहादुर बस्नेत
४. मा० श्री जीवनराम श्रेष्ठ
५. मा० श्री प्रमोद साह
६. मा० श्री एकवाल मियाँ
७. मा० श्री दुर्गा पौडेल
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री विद्या भट्टराई
१०. मा० श्री दिव्यमणि राजभण्डारी
११. मा० श्री पूर्ण कुमारी सुवेदी
१२. मा० श्री मेटमणि चौधरी
१३. मा० श्री रेनुका गुरुङ्ग
१४. मा० श्री मन कुमारी जि.सी.
१५. मा० श्री बिनोद कुमार चौधरी
१६. मा० श्री गिरिराजमणि पोखरेल
१७. मा० श्री घनश्याम खतिवडा
१८. मा० श्री सत्यनारायण शर्मा खनाल
१९. मा० श्री कमला रोका
२०. मा० श्री नवराज सिलवाल
२१. मा० श्री सञ्जय कुमार गौतम
२२. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
२३. मा० श्री कु. तुल्सि थापा
२४. मा० श्री राजेन्द्र कुमार के.सी.
२५. मा० श्री नारायण प्रसाद खतिवडा
२६. मा० श्री वहादुर सिंह लामा (तामाङ)
२७. मा० श्री लालप्रसाद साँवा लिम्बु
२८. मा० श्री प्रकाश रसाईली (स्नेही)

यसैबीच मा० डा० भीमबहादुर रावलले बोल्नुभएपछि मा० श्री विशाल भट्टराईले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा सदनमा छलफल भैरहँदा सम्बन्धित मन्त्री उपस्थित नरहनुभएको भनी ध्यानाकर्षण गराउनु भएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (५) बमोजिम सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीको बैठकमा उपस्थितिका लागि निर्देश गर्दछु भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७९/०८० को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने जानकारी गराउनु हुँदै आ.व. २०७९/०८० को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफल २०७९ साल जेठ ६ गतेको दिन पनि हुनेगरी थप गरिएको व्यहोरा समेत मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल जेठ ६ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको ५:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव